आज मिति २०८१।१२।०७ गते विहीबारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री कालुमान लामाज्यूको अध्यक्षतामा यस नगरपालिका नगर कार्यपालिकाको आ. व. २०८१/०८२ को नवौं बैठक तपशिलका पदाधिकारीज्यूहरुको उपस्थितिमा बसियो ।

तपसिल :-

| क्र.स. | नाम थर | पद | सम्पर्क मो. नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कालुमान लामा | नगर प्रमुख | ९८५२८३५१६६ | |
| २ | श्री मणिका देवि दुलाल | नगर उपप्रमुख | ९८५२८३५५२८ | |
| ३ | श्री सिताराम राई | अध्यक्ष वडा नं. १ | ९८५१२०८३१३ | |
| ४ | श्री हरि बहादुर खड्का | अध्यक्ष वडा नं. २ | ९८४२९२७५४७ | |
| ५ | श्री पर्शुराम राई | अध्यक्ष वडा नं. ३ | ९८१४७३४८५५ | |
| ६ | श्री लुङ्गराज राई | अध्यक्ष वडा नं. ४ | ९८१०५७९२२९ | |
| ७ | श्री तुलसिराम ढकाल | अध्यक्ष वडा नं. ५ | ९८४१५१८५८०<br>९८५२८४४००८ | |
| ८ | श्री अम्बर बहादुर खड्का | अध्यक्ष वडा नं. ६ | ९८०६१५५८७७९ | |
| ९ | श्री केशव अधिकारी | अध्यक्ष वडा नं. ७ | ९८६२८४४६६६ | |
| १० | श्री भगनाथ कुमार नगर | अध्यक्ष वडा नं. ८ | ९८४०९२८६०७ | |
| ११ | श्री प्रकाश राउत | अध्यक्ष वडा नं. ९ | ९८५२८३५२०८ | |
| १२ | श्री धर्मेन्द्र कुमार खडका | अध्यक्ष वडा नं. १० | ९८१६७०७०५१<br>९८६३८२८०४९ | |
| १३ | श्री उदयराज भुजेल | नगर कार्यपालिका सदस्य | ९८४२८३१८९२ | |
| १४ | श्री जय कुमार राई | नगर कार्यपालिका सदस्य | ९८१५७१४७१५ | |
| १५ | श्री माधव सार्की | नगर कार्यपालिका सदस्य | ९८२६७००३२८ | |
| १६ | श्री तिलावती राई | नगर कार्यपालिका सदस्य | ९८४३४६६२७५ | |
| १७ | श्री सुस्मा राई | नगर कार्यपालिका सदस्य | ९८६२९१८६९९ | |
| १८ | श्री स्मृति तोलाङ्गी सुयल | नगर कार्यपालिका सदस्य | ९८०५९९७७३३ | |
| १९ | श्री जानकी देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१५७००९०३ | |
| २० | श्री शान्ति देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१९९१००३८ | |
| २१ | श्री काजीमान राई | प्रमुख प्रशासकीय अधिकृत | ९८५२८४४०४७ | |

आमन्त्रीत उपस्थिति :-

१. श्री मोहन कुमार राई - सूचना अधिकारी - ९८५२८४४०७३

तब

प्रशतावहरुः

१) अघिल्ला कार्यपालिका बैठकहरुको समिक्षा सम्बन्धमा ।
२) योजना माग सम्बन्धमा ।
३) अर्धबार्षिक समिक्षा कायक्रम सम्बन्धमा ।
४) मध्यावधी समिक्षा सम्बन्धमा ।
५) अनुगमन/ मुल्याङ्कन समिति गठन सम्बन्धमा ।
६) गिता पाठशालाको घेराबेरा सम्बन्धमा ।
७) कार्यविधि पारित सम्बन्धमा ।
८) नगर प्रहरीको करार सम्बन्धमा ।
९) आर्थिक सहायता सम्बन्धमा ।
१०) स्यालो ट्युवेल जडान सम्बन्धमा ।
११) शौचालय निर्माण सम्बन्धमा ।
१२) न्यानो कपडा वितरण सम्बन्धमा ।
१३) सूचनाको रकम भुक्तानी सम्बन्धमा ।
१४) गेट निर्माण सम्बन्धमा ।
१५) सफ्टवेयर जडान सम्बन्धमा ।
१६) ब्याक हो लोडर खरिद सम्बन्धमा ।
१७) यातायात खर्च सम्बन्धमा ।
१८) AMC सम्बन्धमा ।
१९) योजना माग सम्बन्धमा ।
२०) जस्तापाता उपलब्ध गराउने सम्बन्धमा ।
२१) नदिजन्य पर्दार्थको ठेक्का बन्दोबस्त सम्बन्धमा ।
२२) पशु शाखाको कार्यक्रम सञ्चालन सम्बन्धमा ।
२३) निजि जग्गाको ढुंगा, ग्राबेल गिट्टी निकासी स्वीकृत सम्बन्धमा ।
२४) चौदण्डीगढी नगरपालिकाको कार्य संचालन निर्देशिका, २०७७ संसोधन सम्बन्धमा ।
२५) नगर प्रहरी सञ्चालन तथा व्यवस्तापन कार्यविधि, २०७६ संशोधन सम्बन्धमा ।
२६) भुक्तानी सम्बन्धमा ।

CamScanner

**निर्णयहरुः**

१. प्रस्ताव नम्बर १ उपर छलफल गर्दा यस नगरपालिकाको मिति २०८१ फागुन ११ गते बसेको आठौँ नगर कार्यपालिकाको बैठकबाट भएका १३ वटा निर्णयहरु कार्यान्वयन भए/भएनन् भन्ने विषयमा छलफल र समिक्षा गरियो । यस क्रममा कार्यान्वयनका क्रममा भएका निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

२. प्रस्ताव नम्बर २ उपर छलफल गर्दा यस नगरपालिकाबाट नेपाल सरकारका विभिन्न मन्त्रालय तथा आयोगसमक्ष यही मिति २०८१ चैत्र १० गते आइतबारभित्र आगामी आर्थिक वर्षका लागि **रु. ३ करोडभन्दा** बढी लागतको योजना माग गर्नका लागि प्राथमिकीकरणका आधारमा योजनाको सूची बनाई पेश गर्नुपर्ने भएकोले वडाभित्र सञ्चालनामा रहेका क्रमागत योजनाहरु, DPR तयार भईसकेका योजनाहरु र अन्य योजनाहरु वडा समितिको बैठकको निर्णयानुसार वडा कार्यालयले **२०८१ चैत ८ गतेभित्र** प्राथमिकता निर्धारण गरी नगरपालिकाको कार्यालयमा पेश गर्न निर्णय गरियो ।

३. प्रस्ताव नम्बर ३ उपर छलफल गर्दा चालू आ. व. २०८१/०८२ को लागि विभिन्न विषयगत शाखा तथा वडा कार्यालयहरुमार्फत् कार्यान्वयन हुने गरी स्वीकृत भएका योजना तथा कार्यक्रमहरुको अर्धवार्षिक प्रगती समिक्षा कार्यक्रम तपशीलको मिति, सयम र स्थानमा सम्पन्न गर्ने निर्णय गरियो–

**तपशीलः**
मिति – २०८१।१२। १५ गते शुक्रबार
समय – बिहान ११ बजे
स्थान – नगरपालिकाको सभा हल

४. प्रस्ताव नम्बर ४ उपर छलफल गर्दा यस नगरपालिकाले आ. व. २०७९/०८० देखि आ. व. २०८१/०८२ को हालसम्म सम्पन्न गरेका योजना तथा कार्यक्रमको उपब्धिको अवस्था सम्बन्धमा तपशीलको मिति, समय र स्थानमा जनप्रतिनिधि र कर्मचारीहरुको उपस्थितिमा मध्याविध समीक्षा छलफल गर्ने निर्णय गरियो–

**तपशीलः**
मिति – २०८१।१२। १८ गते सोमबार
समय – बिहान १ बजे
स्थान – नगरपालिकाको सभा हल

५. प्रस्ताव नम्बर ५ उपर छलफल गर्दा यस नगरपालिकाअन्तर्गत विभिन्न वडामा आगलागी, हावाहुरीले घर तथा गोठहरुमा क्षती पुर्याएको, मिति २०८१।११।११ गते आएको असिना पानीले घरको टिनको छाना नै प्वाल पारी ठूलो क्षती पुर्याएको, बालीनाली तथा फलफुलसमेत नष्ट गरेको जनाइ वडा समितिको सिफारिससहित करिव २०० घर परिवारको नाम उल्लेख गरी सर्जमिन मुचुल्का प्राप्त भएको । कार्यालयमा पेश भएको निवेदनको आधारमा वास्तविक क्षती के कति भएको हो र कति राहत उपलब्ध गराउन सकिन्छ सम्बन्धमा अनुगमन गरी २०८१ चैत्र १५ गतेसम्ममा कार्यालयमा प्रतिवेदन पेश गर्नका लागि तपशील वमोजिमको अनुगमन समिति गठन गर्ने निर्णय गरियो–

CamScanner

**तपशीलः**

श्री हरि बहादुर खड्का, वडा नं. २ वडा अध्यक्ष - संयोजक
श्री नवराज वराल, सामाजिक शाखा प्रमुख - सदस्य
प्राविधिक शाखाले तोकेको १ जना प्राविधिक कर्मचारी - सदस्य

६. प्रस्ताव नम्बर ६ उपर छलफल गर्दा यस नगरपालिकाको वडा नम्बर ५ बेल्हामा अवस्थित रहेको गिता पाठशालाको भवन घेराबेराको लागि आवश्यक सहयोगको लागि वडा कार्यालयको सिफारिससहित माग भई आएको हुँदा **मर्मत सम्भार** शीर्षकमा बिनियोजित बजेटबाट भवन घेराबेराको लागि **रु. ७०,०००।–** उपलब्ध गराउने निर्णय गरियो ।

७. प्रस्ताव नम्बर ७ उपर छलफल गर्दा यस नगरपालिकाको पशु सेवा शाखाबाट पेश भएको **समूह, सहकारी, समिति, व्यक्तिगत फर्महरुलाई ७५ प्रतिशत लागत साझेदारीमा पशुपालन, खोर सुधार कार्यक्रम सञ्चालन कार्यविधि २०८१** उपर व्यापक छलफल गरी पारित गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नम्बर ८ उपर छलफल गर्दा यस नगरपालिकाको स्वीकृत दरबन्दीमा विभिन्न मितिदेखि कार्यपालिका बैठकको निर्णयानुसार तपशीलका नगर प्रहरीहरु दैनिक ज्यालादारीमा नियुक्ती भई कामकाज गर्दै आउनु भएको । नियुक्तिका मितिदेखि हालसम्म निजहरुको कार्य सन्तोषजनक रहेकाले **नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७६** को पहिलो संशोधन २०८० को नियम १० को उपनियम २ मा भएको व्यवस्था वमोजिम **मिति २०८१।१२।१** देखि लागू हुने गरी निजहरुलाई करार सेवामा नियुक्ती गर्ने निर्णय गरियो–

**तपशील**

| क्र.सं. | नगर प्रहरीको नाम | ज्यालादारीमा काम शुरु गरेको मिति |
|---|---|---|
| १ | मनुसिंह राई | २०८०।२।५ |
| २ | किसोर परियार | २०८०।२।१० |
| ३ | मनीराज तामाङ | २०८०।२। |
| ४ | हरि बहादुर खड्का | २०८०।२। |
| ५ | सम्बु कुमार खड्का | २०८०।२। |
| ६ | डिक बहादुर तामाङ | २०८०।८।१७ |
| ७ | नारायण विश्वकर्मा | ~~२०८१।[illegible]।१४~~ २०८१।८।१४ |

९. प्रस्ताव नम्बर ९ उपर छलफल गर्दा यस नगरपालिकाबाट काजक्रिया खर्च उपलब्ध गराउनका लागि **आर्थिक सहायता ऐन २०८०** ले अनिबार्य रुपमा **गरिव परिचय पत्र** भएको घर परिवारलाई मात्र काजक्रिया खर्च उपलब्ध गराउने व्यवस्था गरेको भए तापनि विभिन्न रोग लागि उपचार गराउँदा आफ्नो जायजेथा बेची उपचार गर्नुपर्ने साथै कतिपय अवस्थामा मानिसको मृत्य हुने भएकाले त्यस्ता घर परिवारमा काजक्रिया गर्न समेत समस्या हुने हुँदा **गरिव परिचय कार्ड** नभए तापनि वडा कार्यालयले गरिव परिवार भनी सर्जमिन मुचुल्कासहित सिफारिस गरेमा त्यस्ता घर परिवारलाई काजक्रिया खर्च उपलब्ध गराउने निर्णय गरियो ।

१०. प्रस्ताव नम्बर १० उपर छलफल गर्दा तपशील वमोजिमको व्यक्तिहरुको निवेदनका आधारमा चालू आ.व. २०८१/०८२ का लागि शीर्षकमा बिनियोजन भएको बजेटलाई आगामी नगरसभाबाट अनुमोदन हुने शीर्षकमा संशोधन गरी तपशील वमोजिमको कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो–

**तपशील**

(क) स्यालो ट्यूवेल मर्मत – रु. १ लाख

(ख) ४ थान स्यालो ट्यूवेल जडान – रु. ४ लाख

११. प्रस्ताव नम्बर ११ उपर छलफल चालू आ.व. २०८१/०८२ का लागि तर्फको योजनाका लागि ३ नम्बर वडामा रहेको दलित एकता समाजको भवनमा शौचालय निर्माण गर्नका लागि रु. १ लाख बजेट बिनियोजन भएको । अघिल्लो आर्थिक वर्षहरुमा बिनियोजित भएको बजेट भवन समेत निर्माण भई सञ्चालनमा रहेको तर हालसम्म उक्त जग्गा व्यक्तिको नाममा नै दर्ता कायम रहेको देखिएको । चालू आर्थिक वर्षको बजेटमार्फत् उक्त शैचालय निर्माण गर्नका लागि सम्बन्धित जग्गाधनी र उपभोक्ता समितिले मिति २०८१ असार १५ गतेभित्र संस्थाको नाममा जग्गा पास गरी लालपूर्जा पेश गर्ने कबुलियतनामा पेश गरेको हुँदा तत्काललाई समितिको माग निवेदन र वडाको सिफारिस वमोजिम बिनियोजित बजेटबाट शौचालय निर्माण प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

१२. प्रस्ताव नम्बर १२ उपर छलफल गर्दा यस नगरपालिकाबाट कार्तिक/मङ्सिर महिनाको जाडो मौसममा पालिकाभित्र रहेका तपशील वमोजिमका अति विपन्न व्यक्तीहरुलाई जाडोका न्यानो कपडाहरु नगर प्रमुख ज्यूबाट बितरण गरिएको हुँदा बितरण गरिएको भरपाईका आधारमा विविध खर्च शीर्षकबाट बील भरपाईका आधारमा भुक्तानी गर्ने निर्णय गरियो ।

**तपशीलः**

| क्र. स. | न्यानो कपडा लिने व्यक्तिको नाम | ठेगाना |
|---|---|---|
| १ | निर्मला चौधरी चौ. न. पा.- ९ | |
| २ | रन्जित विश्वकर्मा चौ. न. पा. -२ | |
| ३ | सिता श्रेष्ठ चौ. न. पा. -३ | |
| ४ | नवराज कट्टाल चौ. न. पा. -२ | |

१३. प्रस्ताव नम्बर १३ उपर छलफल गर्दा नगरपालिकाको सार्वजनिक हितको सूचना पालिकाबाट अनुरोध भएअनुसार **देशको न्यूज** मासिक पत्रिकाको दशै अंकमा छापिएको हुँदा उक्त मिडिया प्रा. ली.बाट ५० प्रतिशत छुट दिएर रु. ७७,५१८।– भुक्तानीको लागि यस नगरपालिकामा कर बीजक बीलसहित भुक्तानी माग भई आएको हुँदा यस नगरपालिकाको पत्र पत्रिकमा छपाइ शीर्षकमा बिनियोजित बजेटबाट **रु. ७७,५१८।–** रकम भुक्तानी गर्ने निर्णय गरियो ।

१४. प्रस्ताव नम्बर १४ उपर छलफल गर्दा यस नगरपलिकाअन्तर्गत वडा नम्बर ७ पन्चावती टोल विकास संस्थाले टोल विकास संस्थाको घरधुरीसँग पैसा उठाई सोही टोलमा गेट बनाउने निर्णय भएको । उक्त गेट निर्माण गर्नका लागि **रु. ६६, ०००।**–को लागत अनुमान तयार भएकोमा टोल बिकास संस्थामार्फत् सङ्कलन भएको रकममा रू. ३०,०००।– अपुग हुन गएको भनी वडा कार्यालयको सिफारिससहित अपुग रकम उपलब्ध गराउन माग भई आएको हुँदा सो टोल

CamScanner

विकास संस्थामा गेट निर्माणको लागि आयोजना व्यवस्थापनबाट **रु. ३०,०००।-** रकम उपलब्ध गराउने निर्णय गरियो ।

१५. प्रस्ताव नम्बर १५ उपर छलफल गर्दा यस नगरपालिकाको सत्रौं नगरसभाबाट **सूचना प्रणाली तथा सफ्टवेयर जडान सञ्चालन खर्च** शीर्षकमा **रु. १५ लाख** बजेट बिनियोजन भएको । सो बजेटमार्फत् यस नगरपालिकालाई प्रबिधिमैत्री नगरपालिका बनाउनका लागि **घर नक्शा, न्यायिक समिति व्यवस्थापन र कार्यालय सञ्चालन तथा व्यवस्थापन**सम्बन्धी सफ्टवेयर जडान गर्नु पर्ने भएकाले नेपाल सरकार, भौतिक पूर्वाधार मन्त्रालयमार्फत् मिति २०७५ माघ १० गते स्वीकृत भएको खर्चको मापदण्डलाई आधार मानी लागत अनुमान तयार गर्ने र सोही आधारमा प्रचलित कानुनअनुसार कार्यालयमा सूचीकृत रहेका परामर्शदाता संस्थाहरुमार्फत् प्राविधिक र आर्थिक प्रस्ताव माग गरी सफ्टवेयर जडान गर्ने निर्णय गरियो ।

१६. प्रस्ताव नम्बर १६ उपर छलफल गर्दा यस नगरपालिकाको सत्रौं नगरसभाबाट **सबै वडामा सडक स्तरोन्नती (मेसिन उपकरण खरिद, भाडा, इन्धन तथा अन्य)** शीर्षकमा **रु. १ करोड** बजेट बिनियोजन भएको । मिति २०८१ माघ ६ गते बसेको कार्यपालिका बैठकको निर्णय नम्बर १३ (छ) को निर्णयानुसार १ थान ब्याक हो लोडर खरिद गर्नु पर्ने अवस्था रहेको । सो सामान खरिद गर्नका लागि यस कार्यालयमा प्राविधिक जनशक्ति नभएको हुनाले धरान नगरपालिकामा कार्यरत मेकानिकल ईञ्जिनियर गौतमलाई स्पेशिफिकेशन र लागत अनुमान तयार गरिदिनका लागि अनुरोध गर्ने निर्णय गरियो ।

१७. प्रस्ताव नम्बर १७ उपर छलफल गर्दा यस नगरपालिकाअन्तगर्त रहेको हडिया स्वास्थ्य चौकीमार्फत् सेवा प्रवाह गर्ने क्रममा नगर अस्पताल बेल्टारमा कार्यरत मेडिकल अधिकृत हप्तामा एक चोटी हडिया स्वास्थ्य चौकीमा खटिने क्रममा निजलाई आवश्यकताअनुसार यातायात खर्च उपलब्ध गराउने निर्णय गरियो ।

१८. प्रस्ताव नम्बर १८ उपर छलफल गर्दा यस नगरपालिकाको प्रशासकीय भवनमा जडान भएको लिफ्ट लामो समयदेखि चालू अवस्थामा नरहेको हुँदा सो लाई नियमित रुपमा चालू अवस्थामा राख्नका लागि सोही प्रकृतिको सेवा प्रवाह गर्ने संस्था आर्.एम्.एस्. ईन्टरनेशनल प्रा.लि., कोटेश्वर, काठमाडौंसँग कार्यालय सञ्चालन शीर्षकबाट खर्च लेख्ने गरी वार्षिक **रु. ९५,०००।(पन्चानब्बे हजार)** मू.अ.करसहित) भुक्तानी दिने गरी सम्झौता गराइ बार्षिक मर्मत सम्भारको जिम्मेवारी दिने निर्णय गरियो ।

१९. प्रस्ताव नम्बर १९ उपर छलफल गर्दा आगामी आर्थिक बार्षिक २०८२/०८३ का लागि यही २०८१ चैत्र १० गते आइतबारभित्र सङ्घीय मन्त्रालयमा रु. ३ करोडभन्दा बढी लागतका आयोजनाहरु माग गरी सक्नु पर्ने भएकाले तपशील वमोजिमका योजनाहरु माग गर्ने निर्णय गरियो–

**तपशील**

| क्र. सं. | योजना तथा कार्यक्रमको नाम | ठेगाना | अनुमानित बजेट | प्रशतावित मन्त्रालय |
|---|---|---|---|---|
| १ | मदन भण्डारी राजमार्ग बेल्टारबाट चिसापानी- खोटाङ- चखेवा भञ्ज्याङ हुदै पुष्पलाल मध्यपहाडी राजमार्गसम्म सडक निर्माण | उदयपुर, खोटाङ– भोजपुर | ३ अर्ब २० करोड | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदबार । |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| २ | मदन भण्डारी राजमार्ग विरेन्द्रचोक-रानीटार- भोजपुर सडक निर्माण | उदयपुर भोजपुर | ५० करोड | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदबार । |
| ३ | गाईघाट-हडिया-सिवाई- फत्तेपुर सडक निर्माण | त्रियुगा, चौदण्डी गढी, सप्तरी | १५ करोड | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदबार । |
| ४ | त्रियुगा नदी ज्यामिरे हडिया जोड्ने पक्की पुल निर्माण | चौ. न. पा. -९ | १५ करोड | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदबार । |
| ५ | त्रियुगा नदी नियन्त्रण | चौ. न. पा. वडा नं. ९ र १० | २० करोड | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, सिँहदरबार । |
| ६ | कौवाखोच, मदनभण्डारी बोटानिकल पार्क तथा पिकनिक स्पोर्ट, सिमसार क्षेत्र विकास | चौ. न. पा. वडा नं. ६ | १५ करोड | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदबार । |
| ७ | नारद मुनी थुलुङ रङ्गशाला निर्माण | चौ. न. पा. वडा नं. ४ | ४५ करोड | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदबार । |
| ८ | सुनकोशी लिफ्टिङ खानेपानी आयोजना (बृहद चौदण्डीगढी खानेपानी आयोजना) | | १५ करोड | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, सिँहदरबार । |
| ९ | चौदण्डीगढी दरबर क्षेत्र संरक्षण तथा किराँतकालीन दरबार निर्माण | चौ. न. पा. वडा नं. १ | १० करोड | पर्यटन तथा नागरिक उड्यन मन्त्रालय, सिंहदबार । |
| १० | चौदण्डीगढी दरबर विशासय मन्दिर भोर्लेनी पदमार्ग निर्माण | चौ. न. पा. वडा नं. १ | ५ करोड | पर्यटन तथा नागरिक उड्यन मन्त्रालय, सिंहदबार । |
| ११ | रक्सादह सिमसार क्षेत्र पिकनिक स्पोर्ट | चौ. न. पा. वडा नं. १ | ५ करोड | पर्यटन तथा नागरिक उड्यन मन्त्रालय, सिंहदबार । |
| १२ | मदनभण्डारी राजमार्ग –भित्तेटोल, -मकमडाँडा सडक निर्माण | चौ. न. पा. वडा नं. ४ | ५ करोड | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदबार । |
| १३ | थुलुङटोल हुँदै चटपटे टोल सडक निर्माण कालोपत्रे | चौ. न. पा. वडा नं. ४ | ३ करोड | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदबार । |
| १४ | स्वामीचोक, वान्तावाटोल, राप्चालीटोल, बरपानी, तिनदोभाने टोलभित्र बाटो निर्माण तथा मर्मत | चौ. न. पा. वडा नं. ४ | ३ करोड | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदबार । |
| १५ | वडाभित्र आवश्यक विद्युतपोल तथा भोल्टेज सुधारको लागि ट्रान्सफर्मर तथा सामाग्री खरिद | चौ. न. पा. वडा नं. ४ | ५ करोड | पर्यटन तथा नागरिक उड्यन मन्त्रालय, सिंहदबार । |

२०. प्रस्ताव नम्बर २० उपर छलफल गर्दा यस नगरपालिका अन्तर्गत वडा नं. २ बस्ने सिता राईले घर छाना फुसको भएको र उक्त छाना मिति २०८१।११।११ मा आएको हावा हुरी, असिना पानीले उडाएर नष्ट गरेको हुँदा जस्ता पाता पाउँ भनी यस नगरपालिकामा माग गरेकोमा निज विपन्न नागरिक भएको हुँदा निजको बासस्थान बनाउनको लागि जस्तापाता आवश्यक रहेको हुनाले विपद व्यवस्तथापन शीर्षकमा बिनियोजन भएको बजेटबाट ८ फिटे जस्तापाता १६ थान, ६ फिटे जस्तापाता २० थान, ८ फिटे धुरी ३ थान कार्यालयबाट खरिद गरेर उपलब्ध गराउने निर्णय गरियो ।

२१. प्रस्ताव नम्बर २१ उपर छलफल गर्दा यस नगरपालिकाको कार्यालयबाट चालू आर्थिक वर्ष २०८१/०८२ मा नगरपालिकाको क्षेत्रभित्रका खोला तथा नदीबाट नदीजन्य पदार्थहरु सङ्कलन तथा निकाशी गर्नका लागि ढुङ्गा, गिट्टी र वालुवाबाट राजश्व/कर सङ्कलन गर्न निर्माण व्यवसायीसँग ठेक्का बन्दोबस्त भएको । छनोट भएको ठेकेदारहरु कम्पानीहरुसँग ठेक्का सम्झौता भएअनुरुप विभिन्न फर्म तथा कम्पनिहरुले ठेक्का परिमाणभित्र रहि तपशील बमोजिमको नदीजन्य सामग्रीहरु विभिन्न नदी तथा खोला नालाहरुबाट उत्खनन् गरी विक्रि तथा निकासी गरेको दैनिक विक्रि निकासी अभिलेख तथा स्थानीय नगर अनुगमन समितिको नगर

प्राविधिक नापजाँच प्रतिवेदन, प्रमाणित नगदी रसिदहरुको अर्धकट्टीको हिसाव समेतका आधारमा **मिति २०८१।११।२९** गतेसम्म तपशील बमोजिमको परिमाणमा रहेको-

**तपशील:-**

(क) ठेक्का नं. ०३।०८१।०८२ र ठेक्का नं. ०४।०८१।०८२ ग्रावेल/ढुङ्गातर्फको यस कार्यालय र श्री सिताराम कन्स्ट्रक्सन चौदण्डीगढी नगरपालिका-६, उदयपुरबीच ठेक्का सम्झौता भएपश्चात् सम्झौतामा उल्लेखित खोलाहरुमा मिति २०८१।११।२९ गतेसम्म तपशील बमोजिमको परिमाणमा निर्माण सामग्री बिक्रि, निकासी तथा मौज्दात रहेको देखिन्छ–

*तालिका*

| सि.न. | खोला तथा नदीको नाम | गिट्टी/ढुंगा ठेक्का परिणाम | हालसम्म उत्खनन, सङ्कलन/ बिक्री निकासी भएको जम्मा ठेक्का परिमाण | जम्मा मौज्दात परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १. | द्वार खोला वडा ५ | ५,००० घ.मी. | ५,००० घ.मी. | ० घ.मी. | सम्झौताअनुसारको परिमाण ठेकेदार कम्पनीबाट बिक्री निकाशी भैसकेको हुँदा पालिका र ठेकेदार कम्पानीबाट अनुगमन गरी २०८१ फाल्गुन १३ गते बन्द गरिएको । |
| २. | द्वार खोला वडा नम्बर ६ | ५,००० घ.मी. | ४,६८० घ.मी. | ३२० घ.मी. | दैनिक बिक्री निकाशी अभिलेखअनुसार |
| ३. | द्वार खोला वडा नम्बर ७ | १२,००० घ.मी. | ० | १२,००० घ.मी. | हालसम्म उत्खनन् नभएको |
| ४. | द्वार खोला वडा नम्बर ८ | ७,००० घ.मी. | ० | ७,००० घ.मी. | हालसम्म उत्खनन् नभएको |
| **जम्मा** | | **२९,००० घ.मी.** | **९,६८० घ.मी.** | **१९,३२० घ.मी.** | **फाल्गुन मसान्तसम्म** |

(ख) माथि छलफल गर्दा यस नगरपालिकाको आ.व. २०८१/०८२ को ठेक्का नं. ०१/०८१/८२ को सि.न. ५ सिवाई/त्रियुगाखोला दोभान वडा नं. ५ बालुवाको मिति २०८१।१०।०८ गतेका दिन यस कार्यालय र **श्री थानपोखरी कन्स्ट्रक्सन चौदण्डीगढी नगरपालिका-६, उदयपुर**बीच ठेक्का सम्झौता भएपश्चात् सम्झौतामा उल्लेखित खोलाहरुमा मिति २०८१।११।२९ गतेसम्म तपशील बमोजिमको परिमाणमा निर्माण सामग्री बिक्रि निकासी तथा खोला/नालामा मौज्दात रहेको देखिन्छ–

CamScanner

तपशील-

| तालिका | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | खोला तथा नदीको नाम | बालुवाको परिणाम | हालसम्म उत्खनन, सङ्कलन/ विक्री निकासी भएको जम्मा ठेक्का परिमाण | जम्मा मौज्दात परिमाण | कैफियत |
| १. | शिवाइ खोला वडा नम्बर ५ | ३,००० घ.मी. | ६५४.६० घ.मी. | २३४५.४० घ.मी. | २०८१ फाल्गुन मसान्तसम्मको अवस्था । |
| २. | त्रियुगा खोला वडा नम्बर ५ | १,००० घ.मि. | ० | १,००० घ.मी. | हालसम्म उत्खनन् नभएको |
| **जम्मा** | | **४,००० घ.मी.** | **६५४.६० घ.मी.** | **३३४५.४० घ.मी.** | **फाल्गुन मसान्तसम्म** |

(ग) यस नगरपालिकाको आ.व. २०८१/०८२ को ठेक्का नं. ०१/०८१/८२को सि.न. ७ घेरखोला वडा नं. ५ बालुवाको मिति २०८१।०९।२६ गतेका दिन यस कार्यालय र **श्री वि.एण्ड वि निर्माण सेवाचौदण्डीगढी नगरपालिका-६, उदयपुर**बीच ठेक्का सम्झौता भएपश्चात् सम्झौतामा उल्लेखित खोलाहरुमा मिति २०८१।११।२९ गतेसम्म तपशील बमोजिमको परिमाणमा निर्माण सामग्री बिक्रि, निकासी र मौज्दात रहेको देखिन्छ-

तपशील-

| तालिका | | | | | |
|---|---|---|---|---|---|
| सि.न. | खोला तथा नदीको नाम | बालुवाको परिणाम | हालसम्म उत्खनन्, सङ्कलन/ बिक्री निकासी भएको जम्मा ठेक्का परिमाण | जम्मा मौज्दात परिमाण | कैफियत |
| १. | घेर खोला वडा नम्बर ५ | २,००० घ. मी. | ८२०.८० घ.मी. | ११७९.२० घ. मी. | २०८१ फाल्गुन मसान्तसम्मको अवस्था । |
| **जम्मा** | | **२,००० घ. मी.** | **८२०.८० घ.मी** | **११७९.२० घ. मी.** | **२०८१ फाल्गुन मसान्तसम्मको अवस्था ।** |

(घ) यस नगरपालिकाको आ.व. २०८१/०८२ को ठेक्का नं. ०१/०८१/८२को सि. नं. ४ हडिया/त्रियुगाखोला वडा नं. ९ बालुवाको मिति २०८१।१०।०८ गतेका दिन यस कार्यालय श्री शिव ओम निर्माण सेवा त्रि.न.पा.-२ उदयपुरबीच ठेक्का सम्झौता भएपश्चात् सम्झौतामा उल्लेखित खोलाहरुमा मिति २०८१।११।२९ गतेसम्म तपशील बमोजिमको परिमाणमा निर्माण सामग्री विक्रि निकासी तथा खोला/नालामा मौज्दात रहेको देखिन्छ-

CamScanner

**तपशील-**

| *तालिका* | | | | | |
|---|---|---|---|---|---|
| **सि.न.** | **खोला तथा नदीको नाम** | **बालुवाको परिणाम** | **हालसम्म उत्खनन, संकलन/ बिक्री निकासी भएको जम्मा ठेक्का परिमाण** | **जम्मा मौज्दात परिमाण** | **कैफियत** |
| १. | हडिया/त्रियुगा खोला वडा नम्बर ९ | ३,००० घ. मी. | ८५१.६० घ.मी. | २१४८.४० घ. मी. | २०८१ फाल्गुन मसान्तसम्मको अवस्था । |
| **जम्मा** | | **३,००० घ. मी.** | **८५१.६० घ.मी.** | **२१४८.४० घ. मी.** | **२०८१ फाल्गुन मसान्तसम्मको अवस्था ।** |

(ङ) यस नगरपालिकाको आ.व. २०८१/०८२ को ठेक्का नं. ०२/०८१/८२ तर्फको ग्रावेल/ढुङ्गाको मिति २०८१।०९।१९ गतेका दिन यस कार्यालय र **श्री मनन कन्स्ट्रक्सन प्रा.लि. ईटहरी, सुनसरीबीच** ठेक्का सम्झौता भएपश्चात् सम्झौतामा उल्लेखित खोलाहरुमा मिति २०८१।११।२९ गतेसम्म तपशील बमोजिमको परिमाणमा निर्माण सामग्री बिक्रि निकासी तथा खोला/नालामा मौज्दात रहेको देखिन्छ-

**तपशील**

| *तालिका* | | | | | |
|---|---|---|---|---|---|
| **सि.न.** | **खोला तथा नदीको नाम** | **गिट्टी/ढुंगा ठेक्का परिणाम** | **हालसम्म उत्खनन, सङ्कलन/ बिक्री निकासी भएको जम्मा ठेक्का परिमाण** | **जम्मा मौज्दात परिमाण** | **कैफियत** |
| १. | लामा खोला वडा नम्बर २ र ४ | १३,००० घ.मी. | १३,००० घ.मी. | १३,००० घ.मी. | २०८१ फाल्गुन ०५ गतेको प्रतिवेदनअनुसार । |
| २. | करञ्जे खोला वडा वडा नम्बर ३ र ४ | २,००० घ.मी. | २,००० घ.मी. | ० घ.मी. | सम्झौताअनुसारको परिमाण ठेकेदार कम्पनीबाट बिक्री निकाशी भैसकेको हुँदा पालिका र ठेकेदार कम्पनीबाट अनुगमन गरी २०८१ माघ मसान्तमा बन्द गरिएको । |
| ३. | देवधार खोला वडा नम्बर १० | ३५०० घ.मी. | ० घ.मी. | ३५०० घ.मी. | हालसम्म उत्खनन् नभएको |
| **जम्मा** | | **१८५,०० घ.मी.** | **४२१८.३० घ.मी.** | **१४२१८.७० घ.मी.** | **फागुन मसान्तसम्म** |

***नोट:-माथिको दैनिक विक्रि निकासी भएको सम्बन्धित ठेकेदार कम्पनीले दिएको प्राप्त दैनिक अभिलेख रजिष्टरबाटप्राप्त विवरण बमोजिम रहेको छ।***

२२. प्रस्ताव नम्बर २२ उपर छलफल गर्दा चालू आर्थिक वर्ष २०८१/०८२ का लागि यस नगरपालिकाको पशु सेवा शाखामार्फत् कार्यक्रम सञ्चालन हुने गरी सङ्घीय सरकारबाट साझेदारी कार्यक्रमतर्फ शसर्त अनुदानअन्तर्गत **रु. ८००,०००।** प्राप्त भएको । सो रकमबाट कार्यक्रम सञ्चालन गर्नका लागि प्रकाशित गरिएको सार्बजिनक सूचनालाई आधार मानेर तोकिएको समयभित्र व्यवसायिक फर्मबाट ८ वटा र कृषक समूहबाट २ वटा आवेदन परेको । मिति २०८१ फागुन २८ गते बसेको कार्यदलले परेका आवेदन उपर छानबीन गरी तपशील वमोजिमको फर्महरुमार्फत् कार्यक्रम सञ्चालन गर्नका लागि प्रतिवेदन पेश गरेको हुनाले सोही फर्महरुमार्फत् कार्यक्रम सञ्चालन गर्ने गराउने निर्णय गरियो-

**तपशील**

क. सौर्यचिप्रिगं कृषी तथा पशुपंक्षी फर्म, चौदण्डीगढी-३
ख. सहअस्तित्व बहुद्देश्यीय पशुपंक्षी तथा कृषी फर्म, चौदण्डीगढी-४
ग. लक्ष्मी बहुद्देश्यीय कृषी तथा पशुपंक्षी फर्म, चौदण्डीगढी-२
घ. गोमादेवी कृषी तथा पशुपंक्षी फर्म, चौदण्डीगढी-२
ङ. मिरमिरे नवजागृती महिला कृषक समूह, चौदण्डीगढी-४

२३. प्रस्ताव नम्बर २३ उपर छलफल गर्दा चालू आर्थिक वर्ष २०८१/०८२ मा यस नगरपालिकाको विभिन्न वडाका व्यक्तिको निजी नाममा दर्ता कायम रहेको जग्गालाई खेतीयोग्य जग्गामा परिणत गर्ने क्रममा निस्कने **ग्राभेल, ढुङ्गा, गिट्टी** तथा **अन्य निर्माण सामाग्री**लाई बेचबिखन गर्न सकिने कानुनी व्यवस्था कोशी प्रदेश सरकारको आर्थिक ऐन, २०८१ को अनुसूची-६ मा रहेको । सो कार्यका लागि जग्गाधनीहरुले तयार गरी कार्यालयमा पेश गरेको प्रारम्भिक वातावरणीय परिक्षणको प्रतिवेदन यस नगरपालिकाको विभिन्न बैठकबाट स्वीकृतसमेत भइ सकेको हुँदा तपशील वमोजिमका जग्गाधनीहरुले **साङ्गेछोयलिङ कन्स्ट्रक्सन प्रा.लि., चौदण्डीगढी नगरपालिका**सँग गरेको दुईपक्षीय सम्झौताका आधारमा कोशी प्रदेश सरकारले तोकेको राजश्व नगर कार्यपालिकाको कार्यालयमा दाखिला गराइ बिक्री वितरण तथा निकाशी गर्न दिने सर्बसम्मत निर्णय गरियो-

**तपशील**

| सि.नं. | जग्गाधनीको नाम | साविक गा.वि.स. | क्षेत्रफल | स्वीकृत परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री लोकमाया श्रेष्ठ | सुन्दरपुर ९/ग कि.नं. १९४ | ३७०७.९७ | ४४४९.५६ | ग्राभेल/ढुगा |
| २ | श्री कविता राई | बसाहा ३/ख२४ | ०-११-१३ | ७८८ | ग्राभेल/ढुगा |
| ३ | श्री डिकबहादुर मगर | बसाहा १/ख ११५ | ०-१५-३.५ | १०२७ | ग्राभेल/ढुगा |
| ४ | श्री ज्ञानमाया खड्का | बसाहा ४/३ ४९ | ४६५० | ३७३५.४४ | ग्राभेल/ढुगा |
| **जम्मा परिमाण** | | | | **१०,०००।** | **घनमिटर** |

CS CamScanner

२४. प्रस्ताव नम्बर २४ उपर छलफल गर्दा यस नगरपालिकामार्फत् स्वीकृत गरी राजपत्रमा प्रकाशित गरिएको चौदण्डीगढी नगरपालिकाको कार्य सञ्चालन निर्देशिका, २०७७ को पहिलो संशोधन, २०८० को परिच्छेद-१० को दफा १८ को उपदफा (१) मा निजी सचिवालयसम्बन्धी व्यवस्था गरिएको । सो उपदफामा भएको व्यवस्थालाई तपशील बमोजिम संशोधन गर्ने निर्णय गरियो-

***नगर प्रमुखको निजी सचिवालयमा सहयोगी व्यवस्थापन गर्न नगरपालिका प्रमुखका लागि बढीमा सहायकस्तर पाँचौ र उपप्रमुखका लागि बढीमा सहायकस्तर चौथो तहको कर्मचारीलाई निजी सचिवको रुपमा नगरप्रमुखले तोके वमोजिम करार सेवामा राख्न सकिने छ । करार सेवामा नियुक्ती भएको निजी सचिवले सुरु स्केलअनुसारको सेवा सुविधा नगरपालिकाको कार्यालयमा सङ्कलन भएको आन्तरिक आयबाट मासिक रुपमा भुक्तानी पाउने छ ।***

२५. प्रस्ताव नम्बर २५ उपर छलफल गर्दा यस नगरपालिकामार्फत् स्वीकृत गरी राजपत्रमा प्रकाशित गरिएको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ को पहिलो संशोधन, २०८० को परिच्छेद-४ को दफा १० को उपदफा (२) मा नगर प्रहरीको पदपूर्ती गर्ने व्यवस्था भएको । सो उपदफामा भएको व्यवस्थालाई तपशील बमोजिम संशोधन गर्ने निर्णय गरियो-

***उपदफा (२) मा जे सुकै लेखिएको भए तापनि नेपाली सेना, जनपद प्रहरी र सशस्त्र प्रहरी बलजस्ता सुरक्षा निकायबाट सेवा निवृत्त भएका वा उक्त पदमा १० वर्षभन्दा बढी सेवा गरेका वा उपदान लिई नगरपालिकाबाट स्वीकृत गरिएको सङ्गठन तथा व्यवस्थापन निर्दिशकामा उल्लेख भएको नगर प्रहरीको पदमा दैनिक ज्यालादारीमा कामकाज गरिरहेका व्यक्तिलाई कार्यपालिकाको निर्णय वमोजिम स्वत करार सेवामा नियुक्ति गर्न सकिने छ । यसरी नियुक्ती पाउने नगर प्रहरीको हकमा शैक्षिक योग्यता र उमेरको हद लाग्ने छैन ।***

***परिच्छेद-४ को दफा १० को उपदफा (३) थप गरिएको***

***३. नगर प्रहरी संयोजकको नियुक्ति- नगरपालिकाबाट स्वीकृत गरिएको सङ्गठन तथा व्यवस्थापन निर्दिशकामा उल्लेख भएअनुसार १ जना नगर प्रहरी नायव निरीक्षक रहने छ । सो प्रहरीको संयोजकमा नेपाली सेना, जनपद प्रहरी र सशस्त्र प्रहरी बलजस्ता सुरक्षा निकायबाट सेवा निवृत्त भएका सुरक्षाकर्मीलाई निजको निवेदनका आधारमा कार्यपालिकाको निर्णयवमोजिम स्वीकृत पदमा करार सेवामा नियुक्ति गर्न सक्ने छ । नियुक्ति भएको नगर प्रहरी संयोजकले नियुक्तिकै मितिदेखि लागू हुने गरी मासिक ३०,०००। पारिश्रमिक प्राप्त गर्ने छ ।***

CamScanner

२८. प्रस्ताव नम्बर २७ उपर छलफल गर्दा यस नगरपालिकाको नगर प्रमुखज्यूको आतिथ्यमा कोशी प्रदेशका पूर्व मूख्यमन्त्रफ शेरधन राई ज्यूसहितको टोली, कोशी प्रदेश माननीय मन्त्री ज्यूलगायत बिशिष्ट व्यक्तिहरुलाई विभिन्न मितिमा होटल कोहबर एण्ड रिसोर्ट प्रा.ली. गाइघाट्मा विभिन्न कार्यक्रम, भेटघाट गरी अतिथिहरुलाई खाजा, खाना खुवाएको, बास बसेको र अतिथि सत्कार गर्दा लागेको खर्च **रु. १७१,०८७.६५** को बीलभरपाइका आधारमा नगरसभाबाट विविध खर्चमा विनियोजन भएको बजेटबाट भुक्तानी गर्ने निर्णय गरियो ।